# ११ औं मानव अधिकार राष्ट्रिय महाभेला कार्यक्रमको समापनमा समारोहमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको मन्तव्य

**यस कार्यक्रमका अध्यक्ष महोदय,**

**आमन्त्रित सम्पूर्ण मानव अधिकारकर्मी मित्रहरू तथा सञ्चारकर्मी मित्रहरू**

७१ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरूको संयुक्त आयोजनामा आयोजित ११ औं मानव अधिकार राष्ट्रिय महाभेला कार्यक्रमले ***"घर घरमा मानव अधिकार, शान्ति र विकासको आधार"*** भन्ने आयोगले तय गरेको मूल नारालाई सार्थकता तुल्याउन महत्वपूर्ण योगदान गरेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा काठमाडौं लगायत देशका विभिन्न भागमा आयोजित प्रादेशिक कार्यक्रमहरूले मानव अधिकारका विभिन्न विषयमा छलफल, परामर्श, टिप्पणी तथा ती कार्यक्रममा सहभागीहरूबाट प्राप्त सुझावहरूका आधारमा सबै तहका सरकारहरू तथा सम्पूर्ण सरोकारवाला निकायहरूलाई मानव अधिकार संरक्षण र सम्वर्द्धनको कार्यमा महत्वपूर्ण भूमिका खेल्यो नै होला भन्ने मैले विश्वास लिएको छु ।

हामीले महाभेला आयोजना गरेको ११ बर्ष बितिसकेको छ । महाभेलामा प्राथमिकताका साथ छलफल गरिएका मानव अधिकार सम्बन्धी विषयवस्तुहरू तथा त्यसबाट प्राप्त भएका निश्कर्षहरूले मानव अधिकारका मुलभूत विषयहरूलाई प्रवर्द्धन गर्न र मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि राज्यलाई जिम्मेवारी बहनका लागि पक्कै पनि मद्दत गरेको छ । साथै मानव अधिकार सम्बन्धी संघ-संस्थाहरूले आगामी दिनमा चाल्नुपर्ने थप प्रयासहरू र थप प्रभावकारी भूमिका पहिचानमा समेत विशेष भूमिका खेलेको छ भन्ने मैले ठानेको छु । संवैधानिक र कानूनी कार्यादेश बमोजिम मानव अधिकार संरक्षण, सम्वर्द्धन एवं यसको सुनिश्चित गर्ने राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्वलाई पूरा गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नुहुने सबै संघ-संस्था, मानव अधिकारकर्मीहरू तथा यस अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहनुभएका सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

देशको विद्यमान मानव अधिकार परिस्थिति तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा रहेका विद्यमान समस्या तथा चुनौतीहरू हामी सवैले दैनिक रुपमा नै सामना गरिरहेका छौं । मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सोको सुनिश्चित गर्ने प्रमुख दायित्व राज्यको नै हो तर राज्य एक्लैबाट यो सवै कार्य सम्भव हुँदैन । नेपाल सरकार, राष्ट्रिय मानव अधिकार अयाोग, मानव अधिकारको क्षेत्रमा कार्यरत संघ

संस्थाहरू सबैको साथ र सहयोग, समन्वय र सहकार्यबाट नै विद्यमान समस्या तथा चुनौतीहरूको समाधान सम्भव छ भन्ने मेरो विश्वास रहेको छ ।

यस वर्षको महाभेला संयोजन गर्ने गैसस महासंघ, तथा सहसंयोजन गर्ने राष्ट्रिय युवा महासंघ र ग्रासरूट्स डेभलप्मेन्ट फाउण्डेसन लगायत मानव अधिकारको क्षेत्रमा अनवरत क्रियाशील २०० भन्दा बढी संघसंस्थाहरूको संयुक्त सहभागीमा यस गरिमामय कार्यक्रमको आयोजना गर्नुभएकोमा हृदयदेखि धन्यबाद प्रदान गर्न चाहन्छु । आगामी दिनहरूमा पनि यसै गरि सबैको सहभागीतामा सवै तहमा बृहतरुपमा कार्यक्रमहरू तय हुँदै जानेछन् भन्ने मैले आशा लिएको छु ।

महाभेला मार्फत मानव अधिकार सचेतनालाई आम सर्वसाधारणको पहुँचमा पुऱ्याउने कार्यमा योगदान गर्नुहुने सम्पूर्ण उर्जाशील मानव अधिकारकर्मीहरू, महाभेला सम्पन्न गर्नका लागि आ-आफ्ना जिम्मेवारीहरूमा रहि अहोरात्र खटिइनुभएका सम्पूर्ण संघसंस्थाहरू, नागरिक समाजहरूप्रति आभार प्रकट गर्दै मानव अधिकारको दृष्टिकोणबाट आगामी दिनहरू अझै उच्च रहुन् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस महाभेलालाई सम्पन्न गर्नकालागि सहयोग गर्नुहुने राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यहरू, सचिव तथा कर्मचारी मित्रहरू, भेलामा नेतृत्व लिनुभएका संस्थाहरू र सहयोग गर्नुहुने सम्पूर्ण मानव अधिकारकर्मी मित्रहरू, नागरिक समाजका मित्रहरू, गैरसरकारी संस्थाका मित्रहरू लगायत सबैलाई पूनः धन्यवाद दिँदै विदा हुन्छु ।

! धन्यवाद !

२२ मंसिर २०७६

स्टाफ कलेज, ललिपुर ।